वैदेशिक रोजगारमा जाने निर्णय गरिसक्नु भएको छ भने स्काफ फोल्डिङ, सटरिङ कार्पेन्ट्री, आर्क वेल्डिङ,क्लिनर, टिल फिक्चर, वेटर हाउस किपिङ, प्लम्बर, विल्डिङ इलेक्ट्रिसियन र सेक्युरिटी गार्डको तालिम निःशुल्क प्राप्त गर्न सक्नुहुनेछ ।

जिल्ला विकास समिति, कास्की
वैदेशिक रोजगारीका लागि सुरक्षित आप्रवासन 'सामी' परियोजना
सूचना तथा परामर्श केन्द्र, कास्की
फोन : ०६१-४६४४२५

राष्ट्रिय दैनिक

गोल्डेन न्यूज

Golden News National Daily

○वर्ष ८ ○अंक १५० ○श्रेणी 'क' ○२०७२ फाल्गुन २१ गते शुक्रबार ○ 4 March 2016 ○पृष्ठ ४ ○मूल्य रू. ५/-

घर वरिपरिको वातावरण सफा र स्वच्छ राखौं, रोगव्याधिबाट बचौं ।

नेपाल सरकार
सूचना तथा संचार मन्त्रालय
सूचना विभाग

कांग्रेसको १३औं महाधिवेशन शुरु

गोल्डेन न्यूज संवाददाता
काठमाडौं २० फाल्गुन ।

'मशीनको नेतृत्वमा बनाऔं संविधान, समृद्ध राष्ट्र निर्माण अब हाम्रो अभियान' भन्ने मूल नाराका साथ नेपाली कांग्रेसको ऐतिहासिक १३औं महाधिवेशन काठमाडौंमा सुरु भएको छ। करिब एक वर्ष ६ महिना ढिलो गरी सबैभन्दा पुरानो पार्टी कांग्रेसको महाधिवेशन सुरु भएको हो।१२औं महाधिवेशन पनि काठमाडौंमा नै २०६७ असोज १ देखि ५ गतेसम्म काठमाडौंमा नै सम्पन्न भएको थियो ।
खुल्लामञ्चमा आयोजित भव्य समारोहबीच नेपाली कांग्रेसका कार्यवाहक सभापति रामचन्द्र पौडेलले पानसमा दीप प्रज्वलन गरी महाधिवेशनको समुद्घाटन गर्नुभयो । आफनो सभापतिले नै पार्टीको महाधिवेशनको उद्घाटन गर्ने परम्परा कायमै रमाउ रहिआएको छ। उद्घाटनअघि नेपाल सांस्कृतिक सङ्घका कलाकारले विविध सांस्कृतिक प्रस्तुति प्रदर्शन गरेका थिए । चार दिनसम्म चल्ने महाधिवेशनले सभापति, महामन्त्री, कोषाध्यक्ष र सभा न्यू पार्टिक, समावेशी प्रतिनिधित्वसहितका ६४ जना केन्द्रीय सदस्य निर्वाचित गर्नेछ । नयाँ नेतृत्वका लागि आजदेखि नै मनोनयन सुरु भएको छ । कांग्रेसको विधानअनुसार बाँकी सदस्य मनोनयन प्रक्रियाद्वारा पूर्णता दिई ८५ सदस्यीय नयाँ कार्यसमिति चयन हुनेछ ।

महाधिवेशनका लागि देशभरका २४० निर्वाचन क्षेत्रबाट दुई हजार ८८० विदेशस्थित १७ जनासमर्थक समितिबाट १५६ जना, १७ भ्रातृ एवम् शुभेच्छुक संस्थाबाट ९८ जना र वर्तमान केन्द्रीय कार्यसमितिका ८४ सदस्य गरी जम्मा तीन हजार १८८ महाधिवेशन प्रतिनिधिको सहभागिता रहेको छ । महाधिवेशनमा शुभकामना मन्तव्य दिन प्रधानमन्त्री एवम् नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली, एकीकृत नेकपा माओवादीका अध्यक्ष पुष्पकमल दाहाल, राष्ट्रिय प्रजातन्त्र पार्टी नेपालका नेता राजीव पराजुली, उपप्रधानमन्त्री एवम् मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष विजयकुमार गच्छदार, उपप्रधानमन्त्री एवम् राष्ट्रिय जनमोर्चाका अध्यक्ष चित्रबहादुर केसी र उपप्रधानमन्त्री एवम् नेकपा मालेका महासचिव चन्द्रप्रकाश वैरागी सहभागी थिए । त्यसैगरी राष्ट्रिय प्रजातन्त्र पार्टीका अध्यक्ष लोकेन्द्रबहादुर चन्दलगायत राजनीति दलका नेताहरूले महाधिवेशनको उद्घाटन सभा भाग लिइएका थिए ।

समारोहमा कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवा, महामन्त्रीद्वय प्रकाशमान सिंह र कृष्णप्रसाद सिटौलालगायत केन्द्रीय पदाधिकारी, महासमिति सदस्य, महाधिवेशन प्रतिनिधि, पार्टीका क्रियाशील सदस्य तथा पार्टीका विभिन्न तहका नेता, कार्यकर्ता तथा शुभेच्छुक हजारौंको सङ्ख्यामा सहभागिता थियो ।

उद्घाटन समारोहमा भारतको बिहारका मुख्यमन्त्री नीतीश कुमार, बङ्गलादेशका सूचनामन्त्री हसनुल हक इनु, सौर्सलिस्ट इन्टरनेसनलका महासचिव लुइस आयलासगायतका विशिष्ट पाहुनाले भाग लिएका थिए । महाधिवेशन सह हुनुअघि कांग्रेसले राजधानीका विभिन्न स्थानबाट आयोजना गरेको सांस्कृतिक झाँकीसहितको ऱ्याली खुल्लामञ्च प्रवेश गरेको थियो । महाधिवेशनका लागि खुल्लामञ्च लोकतान्त्रिक समाजवादलाई चरितार्थ गर्न खोजेको बताए । नयाँ संविधान समाजवाद र लोकतन्त्रको 'फचुनर'का रुपमा आएको बताउँदै उनले भने-"यसले सबै विचारलाई समेटेको छ ।"

महाधिवेशनले कांग्रेसको भावी कार्यदिशा, चिन्तन र मुलुकको समस्या समाधानका लागि मार्गनिर्देशन गर्ने स्पष्ट पार्दै काबा सभापति पौडेलले संविधानको प्रभावकारी कार्यान्वयन गर्न पनि प्रजातान्त्रिक समाजवाद नै आवश्यक पर्ने जिकर गरे ।

उनले भने-"विगतिले भन्दै सात दशकअघि संविधानसभाबाट संविधान जारी गर्ने देखेको सपना आज कांग्रेसकै नेतृत्वमा पुरा भएको छ, यसको कार्यान्वयनमा पनि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।" तराईका जायज विषयलाई सम्बोधन गर्न कांग्रेस गम्भीर हुनाका साथै नेतृत्वदायी पहल गरेको अवगत गराउँदै उनले संविधानमा भएका असन्तुष्टि सच्याउन पार्टी तयार रहेको उद्घोष गरे । सबैं राजनीतिमा मात्र नरुमलिई आर्थिक क्रान्तिमा जानुपर्ने बताउँदै नेता पौडेलले भने-"संविधानले व्यवस्था गरेका समावेशी अधिकारलाई व्यवहारमा लागू गर्न, शान्ति, विकास र राजनीतिक स्थिरतालाई कायम गर्ने बारेमा महाधिवेशनमा बृहत् छलफल हुनेछ ।" नेपालमा राजनीति र राजनीतिकर्मी आलोचित हुने गरेको बताउँदै उनले यसलाई शुद्धीकरण र सम्मानित बनाउनुपर्ने बेला आएको सुझाव दिए ।

कांग्रेसका संस्थापक नेता विपी कोइरालाले प्रतिपादन गरेको प्रजातान्त्रिक समाजवाद नै पार्टीको प्रमुख साइगठनिक आधार भएको भन्दै उनले नयाँ संविधानले लोकतान्त्रिक समाजवादलाई चरितार्थ गर्न खोजेको बताए । नयाँ संविधान समाजवाद र लोकतन्त्रको 'फचुनर'का रुपमा आएको बताउँदै उनले भने-"यसले सबै विचारलाई समेटेको छ ।"

महाधिवेशनले कांग्रेसको भावी कार्यदिशा, चिन्तन र मुलुकको समस्या समाधानका लागि मार्गनिर्देशन गर्ने स्पष्ट पार्दै काबा सभापति पौडेलले संविधानको प्रभावकारी कार्यान्वयन गर्न पनि प्रजातान्त्रिक समाजवाद नै आवश्यक पर्ने जिकर गरे ।

उनले भने-"विगतिले भन्दै सात दशकअघि संविधानसभाबाट संविधान जारी गर्ने देखेको सपना आज कांग्रेसकै नेतृत्वमा पुरा भएको छ, यसको कार्यान्वयनमा पनि कांग्रेसले नेतृत्वदायी भूमिका निर्वाह गर्नेछ ।" तराईका जायज विषयलाई सम्बोधन गर्न कांग्रेस गम्भीर हुनाका साथै नेतृत्वदायी पहल गरेको अवगत गराउँदै उनले संविधानमा भएका असन्तुष्टि सच्याउन पार्टी तयार रहेको उद्घोष गरे । सबैं राजनीतिमा मात्र नरुमलिई आर्थिक क्रान्तिमा जानुपर्ने बताउँदै नेता पौडेलले भने-"संविधानले व्यवस्था गरेका समावेशी अधिकारलाई व्यवहारमा लागू गर्न, शान्ति, विकास र राजनीतिक स्थिरतालाई कायम गर्ने बारेमा महाधिवेशनमा बृहत् छलफल हुनेछ ।" नेपालमा राजनीति र राजनीतिकर्मी आलोचित हुने गरेको बताउँदै उनले यसलाई शुद्धीकरण र सम्मानित बनाउनुपर्ने बेला आएको सुझाव दिए ।

राष्ट्रिय औद्योगिक व्यापार मेला आजदेखि

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

शुक्रबारदेखि पोखराको नयाँबजारमा सुरु हुने राष्ट्रिय औद्योगिक व्यापार मेलाको तयारी पुरा भएको छ। आयोजक पोखरा उद्योग वाणिज्य संघले विशेषार मेला स्थलमा पत्रकार सम्मेलन गरी मेलाको सबै तयारी पुरा भएको जानकारी दिएको हो । चैत्र १ गतेसम्म संचालन हुने मेलाको अर्थमन्त्री विष्णु पौडेलले उद्घाटन गर्ने कार्यक्रम छ। संघका अध्यक्ष बिन्दुकुमार थापाले मेलाका लागि गठन गरिएको मूल आयोजक समिति र अन्य विभिन्न उप-समितिले आ आफ्नो तयारी पुरा गरेको जानकारी दिए। मेलामा व्यापार मेला सँगै सूचना प्रविधि मेला पनि संचालन हुने भएको छ। मेला स्थलमा रहेको डोमभित्र ७८ जम्मा तीन सय ६ स्टल रहने आयोजकले जनाएको छ। यो वर्ष स्टल सूचना प्रविधि मेलाको लागि छुट्याईएको छ। अन्य स्टल मध्य

बाँकी अन्तिम पृष्ठमा.....

राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२ पोखराको अत्यन्त जरुरी सूचना !

पोखरा उद्योग वाणिज्य संघ र नेपाल उद्योग वाणिज्य महासंघको संयुक्त आयोजनामा हुन लागेको राष्ट्रिय औद्योगिक व्यापार मेला-२०७२, पोखराको समुद्घाटन समारोहको निमन्त्रणापत्र सम्पुर्ण सदस्य महानुभावहरु, सरकारी एवं गैरसरकारी कार्यालयहरु तथा संघसंस्थाहरुमा पठाइसकिएको छ। कथंकदाचित निमन्त्रणापत्र प्राप्त नभएको भए यसै सूचनालाई आधार मानि उक्त कार्यक्रममा उपस्थितिका लागि विनम्र अनुरोध गर्दछौं।

प्रमुख अतिथि : माननीय अर्थमन्त्री विष्णु प्रसाद पौडेल ।
मिति : २०७२ फाल्गुन २१ गते शुक्रबार
समय : बिहान ११:०० बजे
स्थान : पोखरा प्रदर्शनी केन्द्र, नयाँबजार

रविन्द्रबहादुर प्रजु
महासचिव

नोट : संघका सम्पुर्ण सदस्यहरु (साधारण, कर्पोरेट, वस्तुगत, औद्योगिक तथा मानार्थ सदस्य) लाई मेला अवधिभर संघको सदस्यता पत्रको आधारमा निःशुल्क प्रवेशको व्यवस्था गरिएकाले आफ्नो सदस्यता परिचयपत्र साथमा लिएर पाल्नुहोला ।

पोखरा उप-महानगरपालिकाद्वारा सम्बन्धित सरोकार वालाहरुको नाममा जारी गरिएको अत्यन्त जरुरी सूचना

स्थानीय स्वायत्त शासन ऐन, २०५५ फोहोरमैला व्यवस्थापन ऐन २०६८ पोखरा उप-महानगरपालिकाद्वारा जारी प्लास्टिकजन्य वस्तु निषेध कार्यविधि २०७२ एवं उप-महानगरपालिकाको २०औं नगरपरिषद्को निर्णय बमोजिम पोखरा उप-महानगरपालिका क्षेत्रभित्र प्लास्टिक भोला र प्लास्टिक मिलसको उत्पादन, ओसार-पसार तथा बिक्री वितरणलाई मिति २०७२ वैशाखदेखि पूर्णतः निषेध गर्दै पोखरा उप-महानगरपालिकालाई प्लास्टिक भोला एवं प्लास्टिक मिलास निषेध घोषणा गर्ने कार्यक्रम रहेको छ ।
तसर्थ मिति २०७२ साल चैत्र १५ गतेसम्म आ-आफ्नो सीद्धान्तमा रहेका प्लास्टिक भोला एवं मिलास तत्काली व्यवस्थापन गर्न/गराउनुहुन अनुरोध छ। तत्पश्चात यस पोखरा उप-महानगरपालिकाबाट खटिने अनुगमन टोलीबाट अनुगमनको क्रममा उपरोक्त अनुसारको निषेधित वस्तु फेला परेमा जो कोहीलाई कडा भन्दा कडा कार्वाही भै जाने हुँदा सो अवधिभित्र प्लास्टिक भोला एवं प्लास्टिकका मिलास पूर्णरुपमा बिक्री वितरण, उत्पादन, ओसार-पसार नगर्न/गराउनुहुन सम्बन्धित सबैका लागि अनुरोध छ। साथै २०७२ चैत्र १५ गते पश्चात प्लास्टिक भोला उत्पादन, बिक्री-वितरण तथा उपयोग गरेको पाइएमा कानूनतः दण्डनीय हुने हुँदा सो नगर्न/गराउनु भइ पोखरा उप-महानगरपालिकालाई प्लास्टिक भोला तथा मिलास निषेधित उप-महानगरपालिका बनाउने अभियानमा सघाउन एवं वातावरणमैत्री उप-महानगरपालिका बनाउन सहयोग नमुंदा सम्बन्धित सबैमा पोखरा उप-महानगरपालिका कार्यालय हार्दिक अनुरोध गर्न चाहन्छ ।

कलकराम अधिकारी
प्रमुख/कार्यकारी अधिकृत
पोखरा उप-महानगरपालिका कार्यालय
पोखरा-८, न्यूरोड

यातायात व्यवसायीको अर्को अत्तो

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

यातायात क्षेत्रमा रहेको आफनो एकाधिकार तोडिए पछि पोखराका पुराना यातायात व्यवसायीले कास्कीका ग्रामीण भेगमा यातायात संचालन नगर्ने भएका छन् पछिल्लो समय विन्धवासिनी बस व्यवसायी समिति दतां भएर माघ २२ देखि पोखरामा नयां बस संचालनमा आएपछि बर्षौदेखिको एकाधिकार तोडिएपछि रुष्ट बनेका पुराना व्यवसायीले उपभोक्तालाई दुख दिने गरि बस नचलाउने घोषणा गरेका हुन् । नेपाल यातायात व्यवसायी राष्टिय महासघ मण्डकीले कास्कीका ग्रामीण भेगमा आफुना मातहतका सवारीसाधन नचलाउने बताएको छ । महासघले बुधवार एक विज्ञप्ति जारी गर्दै सवारी संचालन नगर्ने जनाएको हो । पोखरा नगरभित्र नयां सवारी संचालनका लागि रुट इजाजत दिएपछि आन्दोलनमा उत्रिएको महासघले मुख्य शहरी क्षेत्रमा मात्रै अस्वस्थ प्रतिस्पर्धा गर्ने वातावरण सृजना भएको भन्दै ग्रामिण क्षेत्रमा सवारी संचालन बन्द गरेको जनाएको छ । 'पोखराको जनघनत्व भएको मुख्य शहरी क्षेत्रमामात्र अस्वस्थ्य प्रतिस्पर्धा गर्ने वातावरण सृजना भएको पोखरा वरपरका ग्रामिण क्षेत्रका उपभोक्ताहरुले हालसम्म प्राप्त गर्दै आएको समानुपातिक यातायात सुविधा दिन हामी यातायात सञ्चालकहरुले पोखरा वरपरका ग्रामिण रुटहरुको सेवा बन्द गर्न बाध्य भई शहरी क्षेत्रमा मात्र प्रतिस्पर्धामा उत्रनुको विकल्प रहदैन ।' विज्ञप्तिमा भनिएको छ ।

यातायात बन्द गर्ने अवस्था आउनुको प्रमुख कारण यातायात व्यवस्था कार्यालय गण्डकी भएको र यसबाट उत्पन्न हुन जाने असहज परिस्थिति, विचार्थी एवं आम उपभोक्ताको आक्रोशको जवाफदेहिता सोही कार्यालय रहने भन्दै महासघले अब उप्रान्तःआउन सक्ने कुनैपनि परिणाम समेतको जवाफदेहिता सोही कार्यालयको हुने बताएको छ ।

BABIN TAILORING
Shirting & Suiting

बबिन टेलरिङ्ग सुटिङ्ग एण्ड सुटिङ्ग

कैलाश विकास बैंक लि.को विशेष साधारणसभा सम्बन्धी सूचना !

यस संस्थाको मिति २०७२/११/३ गते बसेको सञ्चालक समितिको बैठकको निर्णयानुसार आगामी मिति २०७२ साल फाल्गुन २१ गते शुक्रबारका दिन बिहान ८.३० बजेबाट पोखरा ग्राण्ड, बिरौटा पोखरामा संस्थाको विशेष साधारणसभा बस्ने सम्बन्धी विस्तृत सूचना गत मिति २०७२ साल फाल्गुन ५ गतेको कारोबार राष्ट्रिय दैनिक पत्रिका र २०७२ साल फाल्गुन ६ गतेको आर्थिक अभियान राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिएको छ। विशेष साधारण सभा सम्बन्धी विस्तृत सूचना यस संस्थाको Website: www.kailashbank.com मा पनि राखिएको छ। शेयरधनी महानुभावहरुले उक्त सूचनाबारे जानकारी नपाउनु भएको भए यसै सूचनालाई आधार मानि उक्त विशेष साधारणसभामा उपस्थितिका लागि हार्दिक अनुरोध गर्दछौं।

कैलाश विकास बैंक लि.
KAILASH BIKAS BANK LTD.
(रजिष्टर्ड कार्यालय, काठमाडौं, फोन नं.४४४३०३४)

सुन्दर हेयर एण्ड ब्युटी

हामीकहाँ लेडिज एण्ड जेन्सको लागि Hair Cutting, Hair Colour, Skin Treatment, Hair Treatment, Head Massage, Hair Straight, Hair Curly, Hair Extension लगायका सबै ब्राण्डेड प्रोडक्टहरुद्वारा फेसियल गरिन्छ । सबै मेसी केयर, पेडी केयर पनि गरिन्छ । प्रत्येक शुक्रबारमा १५ प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ ।



सम्पर्क: ५८४६८५५३३०
पोखरा ट्रेड मल, चिप्लेढुङ्गा
(First Floor X2)

तुरुन्त आवश्यकता

पश्चिमाञ्चलकै लोकप्रिय पत्रिका गोल्डेन न्यूज दैनिक र सामुदायिक रेडियो सुनौलो एफ.एम. १०२.२ मेगाहर्जका लागि केही कर्मचारीहरु आवश्यक परेको हुँदा योग्य, इच्छुक र अनुभवी व्यक्तिले सूचना प्रकाशित भएको मितिले ७ दिनभित्र सम्पर्क राख्नुहोला।

क्र.सं.	पद	संख्या	पारिश्रमिक
१.	समाचार सम्पादक	१ जना	न्यूनतम् १०,०००।-
२.	मार्केटिङ अफिसर	२ जना	न्यूनतम् १०,०००।-
३.	कम्प्युटर सहायक	१ जना	न्यूनतम् ७५००।-
४.	समाचार वाचक	२ जना	न्यूनतम् ६०००।-
५.	संवाददाता	केही	श्रमजीवि ऐनअनुसार

सम्पर्क
गोल्डेन न्यूज दैनिक तथा सुनौलो एफ.एम.को कार्यालय
सुनौलो भवन, मानवअधिकारचोक, चिप्लेढुङ्गा, पोखरा
फोन : ०६१-५३४४५५,५३२४३३,५३२४४६

कसको भाषण दमदार ?

काठमाडौं २० फाल्गुन ।

देशको सर्वेभन्दा ठूलो पार्टी नेपाली कांग्रेसको तेह्रौं महाधिवेशनको उद्घाटन सत्र विहीवार खुल्नाभन्दामा सकिएको छ । पार्टी सभापति हाँक्ने दावीका साथ उम्मेदवारी घोषणा गरेका नेताद्वय रामचन्द्र पौडेल, शेरबहादुर देउवा र कृष्णप्रसाद सिटौलाले खुल्नाभन्दाठीं भाषणमार्फत् केही सन्देश दिने प्रयास गरेका छन् ।

कसको भाषण कस्तो ? प्रायः भाषणमा पोख्त मानिँदैनन् कांग्रेस नेताहरु । १३ औं महाधिवेशन उद्घाटन समारोहमा सभापतिका तीन दावेदारहरुले गरेका भाषणले पनि यसलाई पुष्टि गर्‍यो । खचाखच भरिएको खुलामञ्चमा भाषण गर्न पाउनु सभापतिका आकांक्षीहरुका लागि कार्यकर्ताको मन जित्ने सुन्दर मौका थियो । तर, उनीहरुले यसलाई 'क्यास' गर्न चुके । तीनैजनाको भाषणले सहभागीहरुमा जोश भर्न र उत्साह सञ्चार गर्न सकेको देखिएन ।

तीन दावेदारमध्ये कृष्ण सिटौलाले सबैभन्दा पहिले बोलेका थिए । उनको भाषण केही हदसम्म तार्किक भए पनि 'बडी ल्याङ्वेज' ले साथ दिएन । उनमा यति ठूलो जनसमुदाय अगाडि भाषण गर्दाको जोश थिएन, निद्रामा धोलिरहेँकी देखिन्थे । तर, सिटौलाको भाषणमा दसै नभएको चाहि होइन । यद्यपि प्रस्तुति फितलो हुँदा उनले ताली र हुर्दाह खासै पाउन सकेनन् ।

सभापतिका अर्का आकांक्षी शेरबहादुर देउवाको भाषण लगभग रित्तो नै थियो । उनले नयाँ र रोचक कुरा केही पनि भनेनन् । कूनै तयारीबिनै बोलिरहेका छन् भन्ने उनको भाषणबाटै प्रष्ट हुन्थ्यो । सायद भाषण आफ्नो वलियो पक्ष होइन, भन्ने महसुस गरेर पनि होला देउवा धेरैवेर बोल्दा पनि बोलेनन् । उनको भाषणबाट हेडलाइन फुराउन समेत पत्रकारलाई धौधौ परेको छ । कार्यक्रमको अन्तिममा बोलेका कार्यवाहक सभापति रामचन्द्र पौडेलको प्रस्तुति अरुभन्दा फरक रह्यो । उनले केही हदसम्म जोश भर्ने खोजेका थिए ।

तर, यदाकदा नाटकीय र आवश्यकताभन्दा बढी भावुकता देखाउन पुगे पौडेलले । 'मलाई कहिलेकाहीं आत्महत्या गरौं कै लाग्छ' भन्ने एउटै लाइनले गर्दा पौडेलले गरेको सारा भाषणलाई 'स्यूटलाइज्ड' गरिदियो ।

त्यसमार्थि पौडेलले भाषण गर्ने पालो आउँदासम्म खुलामञ्चको भिड पातलो भइसकेको थियो । मैदानमा भएकाहरु पनि थकित मुद्रामा थिए । संस्थापन पक्षको प्रतिनिधित्व गर्ने दुई उम्मेदवार पौडेल र सिटौलाले दिवंगत सभापति सुशील कोइरालाको प्रशंसा गर्ने प्रतिस्पर्धा नै गरे । दुवैको उद्देश्य कोइराला समर्थकको भोट हत्याउनेमा केन्द्रित देखिन्थ्यो । अर्को उम्मेदवार देउवामा कोइराला परिवारको सहानुभूतिको आशा नभएकाले नै हौला, उनले कोइरालाको प्रशंसामा धेरै शब्द खर्च गरेनन् । सामान्यरुपमा श्रद्धाञ्जली दिए । सिटौला र पौडेलले कांग्रेसभित्र आत्मालोचोना, समीक्षा र चारित्रिक शुद्धतामा जोड दिएको देखियो । यस्तो शुद्धीकरणको नाराभार्फत् उनीहरुले कांग्रेसमा व्याप्त भष्टाचारको दोष देउवापक्षका नेताहरुलाई लगाउन खोजिरहेजस्तो देखिन्थ्यो । तर, देउवा पक्षबाट खुल्नामञ्चमा यसको प्रतिवाद भएन । सिटौलाको जोड १२ बुँदे समसुधारीपछिको राजनीतिक लाइनलाई 'क्यास' गर्नमा देखियो । सिटौलाले विदेश पलायन भएका नेपालीको भावना समेट्ने प्रयास गरे । रामचन्द्रले अबको कांग्रेस नेतृत्व जनताले पत्याउनेखालको र सदाचारी हुनुपर्ने भन्दै अब आर्थिक क्रान्तिमा लाग्ने बताए । मोहम्मई पनि संविधान फेरि संशोधन गरेर सम्बोधन गर्ने पौडेलले बताए । शेरबहादुर देउवाले पनि दलित, जनजाति, आदिवासी, महिला सबैको नाम लिदै उनीहरुका असन्तुष्टि सम्बोधन गर्ने वचन खुल्नामञ्चबाट दिए ।

प्रचण्ड र केपी ओलीको मनोविज्ञान : एमाओवादी नेता प्रचण्डले कांग्रेसबारे गहिरो चासो देखाए । एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीले चाहि कांग्रेसबाट केही अपेक्षा देखाए । खुल्लामञ्चभरि खचाखच उपस्थितिका बीच आयोजना गरिएको महाधिवेशन उद्घाटन समारोहमा अतिथिका रुपमा उपस्थित एमाओवादी अध्यक्ष प्रचण्ड गरिआएसाथ कोइरालासँगै शान्ति सम्झौतामा हस्ताक्षर गर्ने नेता हुन् । प्रचण्डले दुई वर्षमा आफ्नो पार्टीलाई पहिलो नम्बरमा पुऱ्याउने बाचो गरिरहेका छन् । तर, विहीवार नेपालको सर्वेभन्दा पुरानो र ठूलो पार्टीको महाधिवेशनको उत्साह देखेर सम्भवतः प्रचण्ड निकै तरंगित भए आफूभित्रको तरंगलाई प्रचण्डले मन्त्रव्यका क्रममा समेत चुहाए । कांग्रेसले अबको नीति कस्तो लिन्छ र नेताहरुले के-कस्ता अभिव्यक्ति दिन्छन् भनेर आफूले चासोपूर्वक हेरिरहेको र यही कारणले कार्यक्रमको अन्तिमसम्म मञ्चमा बस्ने निधो गरेको प्रचण्डले बताए । कांग्रेस कार्यकर्ता र भारतीय नेताले पनि प्रचण्डलाई भाउ दिए, कमैले मञ्चबाट नाम लिएर त कमैले ताली बजाएर ।

सबैलाई थाहा छ, प्रचण्ड महत्वाकांक्षी नेता हुन् । तथापि एउटा प्रतिस्पर्धी पार्टीको नेताका रुपमा प्रचण्डलाई मात्रै होइन कि कांग्रेसका शुभेच्छुक र आलोचक सबै नेपालीले विहीवार खुल्ला मञ्चमा कांग्रेसका शीर्ष नेतादरु के बोल्छन् भनेर ध्यान दिएकै थिए ।

कांग्रेसको मुख्य प्रतिद्वन्द्वी मानिने नेकपा एमालेका अध्यक्षसमेत रहेका प्रधानमन्त्री ओलीचाहि अलि बढी निश्चिन्त देखिन्थे । बुधवार मात्र एमाले पार्टी कार्यालयमा आयोजित एक कार्यक्रममा प्रधानमन्त्री ओलीले भनेका थिए कि एमाले जुन चुनावमा जान्छ, उसले बहुमत ल्याउँछ । यही निश्चिन्तताका कारणले हुनुपर्छ, ओली कांग्रेसको भीडलाई देखेर प्रचण्डजति चासो देखिएनन् । कांग्रेस इमान र जमानमा अडिनेखालको पार्टी बनोस् भन्नेमात्रै प्रधानमन्त्रीले शुभकामना दिए ।

भारतीयहरु घ्वक्क परे

नेपाली कांग्रेसको महाधिवेशन उद्घाटनस्थल एक प्रकारले नेपाल-भारत सम्बन्धको विवेचना गर्ने थलो जस्तै बन्यो । भारतबाट बीजेपी, कांग्रेसआइ, कम्युनिष्ट पार्टी र क्षेत्रीय पार्टीका नेताहरुसमेत खुल्नामञ्चमा थिए । यी मञ्चलाई प्रयोग गर्दै प्रचण्डले नाकाबन्दी किन गरेको भनेर भारतीय नेतालाई दहो प्रश्न तेस्र्याउंदा कांग्रेस कार्यकर्तालें ताली बजाएका थिए ।

उता, भारतीय कम्युनिष्ट पार्टीका नेता जोगेन्द्र शर्माले खुलेर नाकाबन्दीको विरोध गरे, जसबाट उनले कांग्रेस कार्यकर्ताको समर्थन र ताली बटुले । उनले नेपाल र भारतबीचको सम्बन्ध 'बडेभाइ र छोटेभाइ' को नभई समान रहेको बताए । रोचक त के भयो भने भारतीय नेताहरुले नेपालमा कांग्रेस, एमाले र एमाओवादीका शीर्ष नेताहरुलाई एउटै मञ्चमा देख्दा आश्चर्य व्यक्त गरे । यसरी अचम्मित हुनेमा विहारका मुख्यमन्त्री नीतिश कुमार मात्रै थिएनन् बीजेपी नेता भगतसिंह कोशियारीसमेत थिए । कांग्रेसको सभामा एमालेका अध्यक्ष ओली र एमाओवादीका अध्यक्ष प्रचण्डलाई देख्दा भारतीय नेताहरुलाई अचम्मै लाग्छ । भारतमा विपक्षी नेताहरु एकअर्कामा हिलो छ्यापाछ्याप गरिरहेको देखेका भारतीय नेताहरु काठमाडौंमा नेपाली नेतादीच राजनीतिक मिलाप र सभ्यता देखेर छक्क परेका हुन् ।

बीजेपी नेता कोशियारीले भनेझैं ज्ञानभूमि रहेको र यहाँबाट विचार र विज्ञानको विकास हुँदै गयो । हुन पनि विपक्षी दलका नेतासंग गर्ने व्यवहार कस्तो हुनुपर्छ भन्ने भारतीय नेताहरुले काठमाडौंबाट सिकेर हुनुपर्छ । यो दृश्य देखी भारतमन्त्री राजनीतिक संस्कारमा नेपाल अगाडि रहेको भारतीय नेताहरुले अनुभूति गरेकै हुनुपर्छ ।

कांग्रेस महाधिवेशनमा नेता तथा पाहुनाहरुले के-के भने ?

प्रधानमन्त्री ओली : प्रधानमन्त्री केपी शर्मा ओलीले लोकतन्त्रलाई सुरक्षित, सुदृढ तथा संस्थागत विकास गर्न राजनीतिक दलबीच थप सहकार्य, सहमति आवश्यक भएकामा जोड दिएका छन् ।

नेपाली कांग्रेसको १३औं महाधिवेशनको उद्घाटन सत्रलाई आज खुलामञ्चमा सम्बोधन गर्दै उनले विकास निर्माण र राष्ट्रिय एकता कायम गर्न आफ्नो पार्टी सबै शक्तिसँग मिलेर अगाडि बढ्न चाहन्छ भने । "लोकतान्त्रिक संविधान मार्फत जनताका हकअधिकार संस्थागत र सुदृढ गरिएका छन्, जनता आर्थिक उन्नतिको नयाँ चरणमा प्रवेश गरेका छन्, अब विगतका तरिका र शैली परिवर्तन गर्नुपर्छ", अध्यक्ष ओलीले भने । देशको आर्थिक विकास तथा समृद्धिका लागि राजनीतिक दलहरुले ध्यान दिनुपर्छ भन्दै उनले यसका लागि नेपाली कांग्रेस र एमाले मुख्यरूपमा हातेमालो गर्दै अगाडि बढ्नुपर्नेमा जोड दिए । अध्यक्ष ओलीले नेपाल हिमाल, पहाड, तराई, १२४ जनजाति, ९२३ भन्दा बढी भाषाभाषी भएको देश, पूर्वदेखि पश्चिमसम्म विभिन्न व्यापार, व्यवसाय र संस्कृति अपनाएको देश भएको चर्चा गर्दै सबै भाषा, जाति र पेसालाई सम्मान गर्न जरुरी छ भने । उनले लोकतान्त्रिक तथा प्रजातान्त्रिक आन्दोलनको इतिहासमा कांग्रेसले अमिधारण योगदान दिएको चर्चा गर्दै नेपाली समाजलाई राणा शासनको अन्धकार युगबाट आधुनिक युगसम्म ल्याउन कांग्रेसले धेरै मिहिनेत, पसिना बगाएको, धेरै जुक्ति खियाएको र बलिदान गरेको बताए । लोकतन्त्र प्राप्तिको आन्दोलन तथा जनताको जीवनस्तरमा परिवर्तन ल्याउन कांग्रेसको योगदान उच्च रहेको उनले स्पष्ट पारे । उनले भने- "कांग्रेसको यो महाधिवेशन कर्मकाण्डी र नियमित संवैधानिक प्रक्रिया मात्र हुनु हुँदैन, नीतिगत, व्यावहारिक र नेतृत्वगत रूपमा आफूलाई तयार गर्नुपर्छ ।"

प्रधानमन्त्री ओलीले मन्त्रिपरिषदको बुधवारको बैठकले प्रजातान्त्रिक आन्दोलनमा सहादत प्राप्त गरेका २२ जनालाई राज्यका तर्फबाट सहिद घोषणा गरी उच्च सम्मान दिएको बताए ।

एमाओवादी अध्यक्ष प्रचण्ड: एकीकृत नेकपा(माओवादी)का अध्यक्ष पुष्पकमल दाहालले संविधानको कार्यान्वयन, राष्ट्रलाई एकताबद्ध र जनतालाई समृद्धि बनाउने नेतृत्व नेपाली कांग्रेसले चयन गर्ने विश्वास व्यक्त गरेका छन् । उनले गिरिजाप्रसाद कोइरालाले सुरु गर्नुभएको शान्ति र संविधानको यात्रा एउटा चरणमा पुगेकाले संविधानसभाबाट निर्माण भएको संविधानलाई कार्यान्वयन गर्न सक्ने र अरु राजनीतिक दलसँग सहकार्य गर्नसक्ने नेतृत्व चयन गर्न सकोस् भन्ने कामना गरे ।

अध्यक्ष दाहालले भने-"कांग्रेस मुलुकको सर्वेभन्दा ठूलो र राजनीतिक परिवर्तनमा महत्वपूर्ण भूमिका खेलेको पार्टीको राष्ट्रिय समस्या समाधान गर्ने महत्वपूर्ण जिम्मेवारी छ, सो भूमिकालाई आत्मसात् गरोस् र सोहीअनुसारको नीति तथा कार्यक्रम पारित गरोस् ।" राजनीतिक नेतृत्वमा हिम्मत र जोखिम उठाउन सक्ने क्षमता चाहिने उल्लेख गर्दै उहाले शान्ति प्रक्रिया सुरु गर्दा गिरिजाप्रसाद कोइरालाले उठाउनुभएको जस्तै हिम्मत सुशील कोइराला र आफूले नगरेको भए संविधान जारी हुन नसक्ने स्पष्ट पारे । राष्ट्रिय एकतालाई मजबुत आधार बनाउनुपर्ने बताउँदै अध्यक्ष दाहालले अर्को पनि मुलुक सहज अवस्थामा प्रवेश नगरिसकेकाले संविधान कार्यान्वयन गरेर भूकम्पपछिको पुनःनिर्माणमा लाग्नुपर्ने बताए । फरक एक प्रस्तुतमा अध्यक्ष दाहालले भने- "हामीले नाकाबन्दी नै खेप्नुपर्ने के गल्ती गर्‍यौं ? नेपालको राजनीतिक परिवर्तनमा छिमेकीको सहयोग र सद्भाव जरुरी छ । भारतीय नेतृत्वले नेपाली जनताको भावनालाई गहिरोसँग सम्मान गरोस् । हामी सबैसँग समान व्यवहार चाहन्छौं ।" उनले नेपालको समृद्धिका लागि सबै दल मिलेर जानुपर्ने र त्यसका लागि कांग्रेसले पनि फराकिलो छाती बनाउनुपर्ने बताए । उनले भने- "सबै कांग्रेसले गरेको हो, अरु केही होइनन् भनियो भने त्यो पूर्ण गलत हुनेछ । मलाई त्यसले पीडा दिनेछ ।

नेका वरिष्ठ नेता देउवा : नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले नयाँ संविधान जारी भएपछि त्यसको प्रभावकारी कार्यान्वयनका लागि मुलुक र कांग्रेसलाई पनि अझ सामावेशी बनाउनुपर्ने बताएका छन् । उनले यो मुलुक सबैको हो भन्ने भावना जगाउन राज्यका हरेक अङ्गलाई सामावेशी बनाउनुपर्ने आवश्यकता रहेको बताए । सभापति सुशील कोइरालाको निधनले पार्टीलाई अपूरणीय क्षति पुगेको र यसको पूर्ति गर्न चुनौती रहेको बताउँदै उनले महाधिवेशनका अघि मुलुकका चुनौती र अवसर दुवै रहेको बताए । कांग्रेसको महाधिवेशनले कस्तो मार्गनिर्देशन गर्छ र कस्ता नेतृत्व चयन गर्छ भन्ने उत्सुकताका साथ राष्ट्रिय अन्तर्राष्ट्रिय रुपमा हेरिएको बताउँदै उनले भने-"महाधिवेशनका सामु अवसर र चुनौती दुवै छन् ।" महाधिवेशनले मुलुकमा हाल देखिएका चुनौतीलाई समाधान गर्ने बाटो पहिल्याउने नेता देउवाले बताए । संविधान जारी भएपछि कांग्रेसका संस्थापक तथा अग्रज नेताले भन्दै सात दशकअघि देखेको सपना पुरा भएको बताउँदै उनले तराई-मधेसमा उत्पन्न समस्यालाई सम्बोधन गर्न प्रदेश सीमाङ्कनलाई मिलाउनुपर्ने आवश्यकता रहेकामा जोड दिए ।

विनाशकारी भूकम्पपछिको पुनःनिर्माण समयमै हुन नसक्दा सर्वसाधारण जनताले अझै पनि दुखकष्ट भोग्नु परेको बताउँदै नेता देउवाले यस चुनौतीको सामाना गर्न कांग्रेस तयार रहेको उल्लेख गरे । महाधिवेशनले मुलुकका सबै चुनौतीका बारेमा छलफल गरी मार्गदर्शन गर्ने उनले बताए ।

फोरम लोकतान्त्रिक अध्यक्ष गच्छदार : मधेसी जनअधिकार फोरम लोकतान्त्रिकका अध्यक्ष एवम् उपप्रधानमन्त्री विजयकुमार गच्छदारले समानुपातिक, समावेशी र समतामूलक समाज निर्माणमा नेपाली कांग्रेसको ठूलो योगदान रहेको बताएका छन् उनले कांग्रेसले राणा शासन, पञ्चायत व्यवस्था र निरङ्कुश राजतन्त्रविरुद्धको लडाईमा परिणामुखी नेतृत्वदायी भूमिका निर्वाह गरेको उल्लेख गरे । अध्यक्ष गच्छदारले महानायक विपी कोइराला, गणेशमानसिंह, कृष्णप्रसाद भट्टराई, सुवेण शमसेर, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालालाई आफूले देखेको भन्दै निर्तीशङ्कारले यी सम्बन्तिलाई निरन्तता दिन आग्रह गरे । भारतीय जनता पार्टीका उपाध्यक्ष भगतसिंह कोशियारीले आफू छ वर्षअघि पनि कांग्रेसको १२औं महाधिवेशनमा आएको स्मरण गर्दै त्यसबेला नेपालले छिटो संविधान पाउओस् भनी दिएको शुभेच्छा अहिले आउँदा पुरा भएको देख्न पाएको बताए । उनले बुद्धको जन्मथलो र सगरमाथाको देश नेपाललले पूर्ण विश्वलाई फेरि ज्ञान र विज्ञान दिने विश्वास व्यक्त गरे ।

आफ्नो देशका प्रधानमन्त्री नरेन्द्र मोदी, पार्टीका अध्यक्ष अमित साहले महाधिवेशन सफलताको शुभकामनाका लागि आफ्नसँग सन्देश पठाउनुभएको उनले जानकारी दिए ।

बहुगवादेशका सूचनामन्त्री हसनुल हक इनुले महाधिवेशन सफलताको शुभकामना व्यक्त गर्दै व्यापार, यातायातको विस्तार र विद्युत विकासको क्षेत्रमा आफ्नो मुलुकले नेपालसँग सहकार्य गर्न तत्पर रहेको बताए । सोसलिस्ट इन्टरनेसनलका महासचिव लुइस आयलालें नेपालले संविधान लेखनालाई सफलतामा पुऱ्याउन तत्कालीन प्रधानमन्त्री एवम् कांग्रेस सभापति सुशील कोइरालाले खेलेको भूमिकाको प्रशंसा गरे । भारतीय राष्ट्रिय कांग्रेसका महासचिव विके हरिप्रसादले बलियो एजेन्डा र विचारको विकास गर्न महाधिवेशन सफल हुने बताए ।

इन्टरनेसनल रिलेसन कम्बोडियाका अध्यक्ष यु.सुनवी, भारतीय कम्युनिस्ट पार्टीका नेता पल्लभसिंह गुप्ताले कांग्रेसको महाधिवेशन नेपालको लागि मात्रै नभई दक्षिण एसियाकै लागी महत्वपूर्ण रहेको धारणा रखेका थिए ।

भारतीय मेलमे नरे भारतीय ताकाबन्दीको विरोध

महाधिवेशनको सफलताको शुभकामना दिन आएका भारतीय नेताले भारतले केही समयअघि नेपाल माथि गरेको अघोषित नाकाबन्दीको विरोध गरेका छन् । भारतीय कम्युनिस्ट पार्टी, मार्क्सवादी नेता जोगेन्द्र शर्माले भारतले गरेको आर्थिक नाकाबन्दीको कारण नेपाली जनता कठिनाइ र यातानाबाट गुज्रिनुपरेको दुखेसो पोखे । उनले भारतले नेपालमा धार्मिक अतिवाद लाद्न खोजेको आरोप लगाउँदै नाकाबन्दीका कारण नेपालीले भोग्नुपरेको दुखमा भारतीय जनता साथमा रहेको टिप्पणी गरे । लोकतान्त्रिक समाजवादी पार्टीका उपाध्यक्ष विजयपतापले भारतले केही समयअघि भगतसिंह कोसियारीले नाकाबन्दीका लागि आफ् दुखित भएको बताउँदै नेपाली जनतासँग क्षमा माग्छु भने । उनले भारतमा समाजवादी आन्दोलनलाई बलियो बनाउन नसकेकै कारण नेपालले भारतीय चिचोमिचो सहनुपरेको बताए । भारतीय कम्युनिस्ट पार्टीका नेता पल्लभसिंह गुप्ताले नेपालको नयाँ संविधान प्रगतिशील भएको भन्दै त्यसको स्वागत गरे ।

कांग्रेसमा १ सय ६२ जनाको उम्मेद्वारी

नेपाली कांग्रेसमा नयाँ नेतृत्वका लागि १ सय ६२ जनाको उम्मेद्वारी परेको छ। निर्वाचन समितिले विहिवार विहान ८ बजेदेखि मनोनयनको समय तोकेकामा साँझसम्म सभापति र कोषाध्यक्षको पक्षा सहित १ सय ६२ जनाको उम्मेद्वारी परेको हो। सभापतिमा वरिष्ठ नेता शेरबहादुर देउवाको मात्र उम्मेद्वारी दर्ता भएको छ। यस्तै, कोषाध्यक्षमा देउवा प्यानलकै चित्रलेखा यादवले उम्मेद्वारी दर्ता गराएका छन्। देउवा प्यानलका महामन्त्रीका उम्मेद्वार अर्जुननरसिंह केसीले भने उम्मेद्वारी दर्ता गराएका छैनन्। यस्तै, कार्यालय सभापति रामचन्द्र पौडेल र महामन्त्री कृष्णप्रसाद सिटौलाको प्यानलका उम्मेद्वारले पनि मनोनयन दर्ता नगराएको निर्वाचन समितिका सदस्य गोपालकृष्ण घिमिरेले जानकारी दिए। पहिलो दिन २५ जना खुला केन्द्रीय सदस्यका लागि ४८ जनाले उम्मेद्वारी दर्ता गराएका छन्। खुला केन्द्रीय सदस्यमा खुमबहादुर खड्काले पहिलो नम्बरमा उम्मेद्वारी दर्ता गराएका छन्। महेश आचार्य, गोपालमान श्रेष्ठ, वालकृष्ण खाण, डा. प्रकाशशरण महत, प्रदिप गिरी, चन्द्र भण्डारी, प्रदिप पौडेल, एन पी साउद, तारानाथ रानाभाट, रमेश लेखक, मनमोहन भट्टराई, ज्ञानेन्द्रबहादुर कार्की, लक्ष्मणप्रसाद घिमिरे, डा. शेखर कोइराला, गोविन्दराज जोशी र विनयकाज चन्दले खुलाएकाछन् उम्मेद्वारी दर्ता गराएका छन्।

राष्ट्रिय योजना आयोगका पूर्व उपाध्यक्ष प्रा.डा. गोविन्दराज पोखरेल, सांसदहरु राजन केसी, रामहरि खतिवडा र बड़ी पाण्डेले पनि खुलाबाटै उम्मेद्वारी दर्ता गराएका छन्। यस्तै, एउटा प्रदेशबाट २ जनाका दरले केन्द्रीय सदस्य चयन गरिनेमा १ नम्बर प्रदेशमा ९, ३ नम्बर प्रदेशमा १० तथा ५ र ७ नम्बर प्रदेशमा ८२८ जनाको उम्मेद्वारी परेको छ। ४ र ६ नम्बर प्रदेशमा ३२ जनाले माग्ने उम्मेद्वारी दर्ता गराएका छन्। महिलातर्फको ६ सीटमा प्रतिमा गौतम, डा. डिला सयौंला, पुष्पा भुषाल, अम्बिका वस्नेत, इच्छी न्यौपाने लगायतका २२ जना महिला नेतृको उम्मेद्वारी परेको छ। निर्वाचन समितिले उम्मेद्वारी दर्ताको समय शुक्रवार अपरान्ह १२ बजेसम्म तोकेको छ।

सुजाताद्वारा पिर्ला

यसैबीच नेपाली कांग्रेसकी नेवी सुजाता कोइरालाले पार्टी कार्यालय सभापति रामचन्द्र पौडेललाई सभापति पदमा समर्थन गर्दै आफनो उम्मेदवारी फिर्ता लिएका छन्। निर्वाचन समितिले जनाएपछि दर्ता गराएका छन्। यसबीच माग्ने उम्मेदवारी फिर्ता लिएकी हुन्। विहीवार आफनै निवास मण्डेश्वाटारमा कार्यवाहक सभापति पौडेल, नेता डा रामशरण महत, डा शशाङ्क कोइराला, डा शेखर कोइराला लगायतका नेताको उपस्थितिमा नेवी कोइरालाले सभापतिको उम्मेदवारी दिने घोषणा गरेकी थिइन् । कार्यवाहक सभापति पौडेलले सबैको राय र परामर्शले यो घोषणा गरेको बताइन् । पौडेलले पार्टीलाई एक ढिक्का बनाएर अगाडि लैजानका लागि एकतालाई साँचो राख्न भन्दै सबैलाई सम्झेटे अगाडि बढ्ने स्पष्ट पारे।

उनले भने-"म २०१७ सालदेखि निरन्तर पार्टीमा सम्पर्ण रहेकी व्यक्ति हुँ पार्टीको वरिष्ठ व्यक्ति पनि हुँ मलाई सहयोग गर्नुहोस् पार्टीलाई एक ढिक्का बनाएर अगाडि बढ्छु ।" नेवी कोइरालाले पार्टीभित्र गिरिजाबाबुपति आस्था राख्ने व्यक्तिले अब पार्टी कता जाने हो भन्ने चिन्ता प्रकट गरेको र पार्टीका साथीहरु निराश नहुन भनेर आफूले उम्मेदवारी फिर्ता लिएको बताइन् । उनले भनिन्-"मेरो कारणले पार्टी सङ्कटमा पर्नु हुँदैन त्यसैले मैले आफ्नो उम्मेदवारी फिर्ता लिन्छु ।" कोइरालाले विपीको मेजलियम र गिरिजाबाबुको सहमति सहकार्य एकतालाई अगाडि लैजान आफ् कटिबद्ध भएर लाग्ने स्पष्ट पारिन् ।

यता, नेपाली कांग्रेसका वरिष्ठ नेता शेरबहादुर देउवाले सभापति पदमा आफ्नो उम्मेदवारी घोषणा गरेका छन् । पार्टी कार्यालय सानेपामा आयोजित उम्मेदवारी घोषणा तथा पतिवद्धतापत्र सार्वजनिक कार्यक्रममा महामन्त्री पदमा नेता अर्जुननरसिंह केसी र कोषाध्यक्षमा चित्रलेखा यादवले उम्मेदवार घोषणा गरे । उनीहरूको प्रस्तावकमा पूर्वमहामन्त्री केवी गुरुङ र पूर्वकेन्द्रीय सदस्य खुमबहादुर खड्काले समर्थन गरेका थिए । यसअघि महामन्त्रीका उम्मेदवार केसी केन्द्रीय सदस्य र कोषाध्यक्षका उम्मेदवार यादव पार्टीको कोषाध्यक्ष थिइन । वरिष्ठ नेता देउवाले सभापति पदका लागि सहमति हुन्छ कि भनेर हिजोसम्म मैले पर्खि बसें तर सहमति नभएपछि आफूले सभापति पदमा उम्मेदवारी दिएको बताए ।

उनले आफ् पार्टी सभापतिमा विजय भएमा एकजना कार्यकर्ताले पनि पार्टी छाड्न नपर्ने चर्चा गर्दै पार्टीलाई एकढिक्का बनाएर लैजाने जानकारी दिए ।

गच्छदारको महंगो "जय नेपाल"

काठमाडौं २० फाल्गुन ।

उपप्रधानमन्त्री विजयकुमार गच्छदार नेपाली कांग्रेसमा लामो योगदान गरेका पूर्वकांग्रेस नेता हुन् । कांग्रेस छाडेर मधेसी जनअधिकार फोरममा लागेपछि गच्छदारले 'जय नेपाल' भन्न छाडेको धेरै वर्ष भइसकेको छ । तर, विहीवार उनले निकै महंगो मूल्य तिरेर खुल्नामञ्चबाट दुईपटक 'जय नेपाल' उच्चारण गरे । नेपाली कांग्रेसको १३ औं महाधिवेशनमा शुभकामना दिन मञ्चमा उभिनासाथ उनले सहभागीहरुलाई 'जय नेपाल' शब्दले सम्बोधन गरे । सम्बोधनका क्रममा उनी निकै भावुकजस्तो देखिएका थिए । आफ्नो जीवनको महत्वपूर्ण हिस्सा खर्च गरेको पार्टीको अधिवेशनमा प्लेनबाट आहोर-दोहोर गरेर पाँच मिनेट शुभकामना दिएका गच्छदारलाई अब कांग्रेसमै फकौ-फकौ जस्तो पो लाग्यो कि ? रिजर्भमा बस्न रुचाउने गच्छदारको विमान चढेर काठमाडौं आएका हुन् । उनी खुल्नामञ्चमा पुग्दा कांग्रेस नेताहरु आइसकेका थिएनन् । पार्टी कार्यालय सानेपामा निम्त्याइएपछि गच्छदार विहीवारै विराटनगरका विमान चढेर काठमाडौं आएका हुन् । उनी खुल्नामञ्चमा पुग्दा कांग्रेस नेताहरु आइसकेका थिएनन् । यसअघि महामन्त्रीका उम्मेदवार केसी केन्द्रीय सदस्य र कोषाध्यक्षका उम्मेदवार यादव पाटीको कोषाध्यक्ष थिइन । वरिष्ठ नेता देउवाले सभापति पदका लागि सहमति हुन्छ कि भनेर हिजोसम्म मैले पर्खि बसें तर सहमति नभएपछि आफूले सभापति पदमा उम्मेदवारी दिएको बताए ।

उनले आफ् पार्टी सभापतिमा विजय भएमा एकजना कार्यकर्ताले पनि पार्टी छाड्न नपर्ने चर्चा गर्दै पार्टीलाई एकढिक्का बनाएर लैजाने जानकारी दिए ।

होइन, बरु आफूले दशकौं रगत र पसीना बगाएको पार्टीबाट आज अलग हुनुपर्दाको पीडा पनि उनको अनुहारमा प्रष्ट भल्किएको देखिन्थ्यो । आफूले छाडेको घरमा फर्किंदा वस्ती हुन् स्वाभाविकै पनि हो । शायद यहीं भएर हुनुपर्छ, गच्छदारले आफ्नो मन्तव्यमा आफ्ना 'आदर्श पुरुष' बीपी, सुवर्णसमशेर, कृष्णप्रसाद भट्टराई, गिरिजाप्रसाद कोइराला र सुशील कोइरालासँगै सबैको एक-एक गरेर प्रशंसा गरे । साथै गच्छदारले नेपाली कांग्रेसको इतिहासको मुक्तकण्ठले प्रशंसा गरे । अनि नेपाली कांग्रेसको काँधमा अर्को पनि संविधान कार्यान्वयनको जिम्मेवारी रहेको बताए । आफ्नो जीवनको अन्त्यमा पनि उनले 'जय नेपाल' भन्दै त्यसको स्वागत गरे ।

रेडियो गण्डकीको वार्षिकोत्सवमा पत्रकार शाही सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

रेडियो गण्डकीले आफ्नो नवौं वार्षिकोत्सव विभिन्न कार्यक्रम गरेर मनाएको छ। रेडियोले वार्षिकोत्सव को अवसरमा साइकल च्यारी र शुभकामना आदान प्रदानसँगै गण्डकी पत्रकारिता पुरस्कार र जनकलाकारिता पुरस्कार वितरण गरेको छ । वार्षिकोत्सवको अवसरमा गण्डकी सञ्चार गृहद्वारा स्थापित तथा सञ्चालित गण्डकी पत्रकारिता पुरस्कार-२०७२ बाट गण्डकी सञ्चार गृहका बरिष्ठ सम्वाददाता नारायण शाहीलाई सम्मान गरिएको छ। रेडियोको तर्फबाट स्टेशन म्यानेजर घनश्याम पाण्डेय, पत्रकार महासंघ कास्कीका सचिव विश्वम्भर पौडेल र कान्तिकारी पत्रकार संघका कास्कीका संयोजक दिपक परियार रहेको प्रतिभा छनोट समितिले शाहीलाई सिफारिस गरेको थियो । कार्यक्रमका प्रमुख अतिथि तथा प्रमुख जिल्ला अधिकारी मैनालीले नगद पाँच हजार र सम्मानपत्रद्वारा सम्मान गरेका थिए ।

कार्यक्रममा बोल्दै मैनालीले बोल्दै मिडिया हाउसहरुले सही सूचना प्रवाह गर्नुपर्नेमा जोड दिए। सूचना र सन्देशहरु सकारात्मक हुनुपर्छ, गलत सूचना र सन्देशहरुले समाजमा नकारात्मक प्रभाव पार्नुपर्नेमा उनले जोड दिए। उनले समाजका हरेक निकाय तथा संघ-संस्थाहरु जनताप्रति उत्तरदायी बन्नुपर्नेमा जोड दिए।

नेकपा एमालेका तेजनारायण अधिकारीले समय परिवर्तनसँगै मिडिया हाउस र पत्रकारहरुले आफ्नालाई परिवर्तन गर्नुपर्नेमा जोड दिए । लेखनाथ उद्योग वाणिज्य संघका अध्यक्ष लक्ष्मी विपाठीले राज्यले मिडिया हाउसहरुको व्यवस्थापन गर्नुपर्ने बताए । पत्रकार पुष्प पौडेलले श्रमजीवी पत्रकार ऐनको कार्यान्वयन गर्न सबैभन्दा पहिले मिडिया हाउसहरुले नै पहल गर्नुपर्नेमा जोड दिए ।

कार्यक्रममा पोखरा पर्यटन परिषदका अध्यक्ष सीमबहादुर थापा, कास्की बालमृह सञ्जालका महासचिव बिजयकुमार प्रधान, लायन्स क्लब अफ पोखरा अन्नपूर्णका अध्यक्ष कृष्ण प्रसाद श्रेष्ठ, विलामाया गुरुङ, रेडियोका नियमित स्रोता प्रकाश थापा लगायतले आ-आफ्नो भनाइ राखेका थिए । रेडियो गण्डकीले पहिलो पटक नवौं वार्षिकोत्सवको अवसरमा निकालेको वृहत साइकल च्यारी पनि पोखरामा सम्पन्न गरेको छ। च्यारीमा साइकल सिटीका सदस्य तथा प्रतिनिधि पोखराका कलेज तथा विद्यालयका विद्यार्थीहरु, सघ-संस्था, बैंकर, स्वास्थ्यकर्मी, सरकारी कर्मचारी, सञ्चारकर्मी, सुरक्षाकर्मी, उद्योगी व्यवसायी, पर्यटन व्यवसायी, समाजसेवी लगायतको सहभागिता थियो ।

पोखराको नयाँ बजारबाट शुरु भएको वृहत् च्यारीको पोखरा उद्योग वाणिज्य संघका अध्यक्ष विन्दुकुमार थापाले शुभारम्भ गरेका थिए। थापाले रेडियो गण्डकीले उदारणीय कार्य गरेको बताउदै रेडियो लाई उद्योग वाणिज्यसभ घरो तर्फबाट सधैं साथ र सहयोग रहने बताए ।

रेडियोका अध्यक्ष अग्नी कंडेलको अध्यक्षतामा भएको कार्यक्रमको सञ्चालन स्टेशन म्यानेजर घनश्याम पाण्डेयले गरेकी कार्यक्रममा स्वागत मन्तव्य सञ्चालक समितिका सदस्य गोमा ढकालले राखेका थिए। कार्यक्रममा रेडियोको बारेमा गण्डकी माछापुच्छे सञ्चार सहकारीका सचिव लोक प्रसाद बञ्जराले प्रकाश पारेका थिए ।

आँखा शिविरबाट २ सय १६ लाभान्वित

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

लायन्स क्लब अफ पोखरा समर्पणले निःशुल्क आँखा शिविर सम्पन्न गरेको छ। हिमालय आँखा अस्पतालको प्राविधिक सहयोगमा सम्पन्न शिविरबाट दुई सय १६ जना लाभान्वित भएका छन्। शिविरबाट सात जना पुरुषसहित पाँच जना महिला गरी १२ जनाको मोतियाबिन्दुको सफल शल्यक्रिया सम्पन्न गरिएको छ।

शिविरको कार्यक्रमका प्रमुख अतिथि पूर्व डिस्ट्रिक्ट गभर्नर योगेन्द्र प्रधानले उद्घाटन गरेका थिए। शिविरमा लायन्स क्लब अफ पोखरा चौतारीका अध्यक्ष हुमबहादुर बसेल, कोषाध्यक्ष रामराज कँसी, डिष्ट्रिक्ट चेयर पर्सन मदेश परान्जली, मौजा गाबिसका गाबिस सचिव डम्बरजंग गुरुङ, प्रयत्नशील युवा क्लब, काफलडाँडा आमा समूह, सत्यवती आमा समूह, समर्पणद्वारा स्थापना गरिएको नयाँ क्लब लायन्स क्लब अफ पोखरा समुद्रिका सदस्य लगायतले सहयोग गरेका थिए। क्लबका अध्यक्ष आमा तथा पसुपति रोगको शिविर सञ्चालन गरेको थियो।

शिविरको संयोजन विमला बसेलले गरेकी थिइन् भने कार्यक्रमको सञ्चालन सरोज पाण्डेले र मिना लाभाजुले गरेका थिए।

क्लबले फागुन १५ गते मात्रै कास्कीको मौजामा निःशुल्क स्त्री तथा पसुहरु रोगको शिविर सञ्चालन गरेको थियो।

सिद्धार्थ क्लबको सरल खोज तथा उद्धार तालिम

पोखरा २० फाल्गुन ।

सिद्धार्थ क्लब पोखराको आयोजनमा तथा सशस्त्र प्रहरी बल कास्किका गणकी प्राविधिक सहयोगमा आयोजित तीन दिने सरल खोज तथा उद्धार तालिम बिहीबार सम्पन्न भएको छ। समुदायमा विपद्को कारण हुने क्षतिको समुदाय स्तरबाटै सामना गर्न सक्ने जनशक्ति निर्माण गर्ने उद्देश्यका साथ आयोजित कार्यक्रममा पो.उ.म.न.पा २४ कुस्ती र २६ सराङ्कोटका बडा स्तरीय विपद् व्यवस्थापन समितिका ३० जनाको सहभागिता रहेको थियो। तालिमको सहजीकरण सशस्त्र प्रहरी बल कालिका गण विपद् व्यवस्थापन शाखाका प्रहरी नायब निरीक्षक पदमपाणि पाण्डे गरेका थिए। कार्यक्रम समापनको अवसरमा बोल्दै सिद्धार्थ क्लब पोखरा अध्यक्ष अनिल श्रेष्ठले बडास्तरका विपद् व्यवस्थापन समितिलाई पूर्ण रुपमा सक्षम बनाई विपदको सामना गर्न सक्ने सक्षम जनशक्ति तयार गर्नुपर्ने बताए। सोही अवसरमा सिद्धार्थ क्लब पोखराका कार्यक्रम संयोजक बलराम तिमिल्सिना पो.उ.म.न.पा २४ कास्किका सामाजिक परिचालक इन्दिरा लामिछाने सराङ्कोट सौदा चौतार टोल विकास संस्थाका अध्यक्ष सन्तोष जि.सी लगायतले आ-आफ्नो भनाइ राखेका थिए । कार्यक्रमको सञ्चालन सिद्धार्थ क्लब पोखराका बाल प्रायोजन प्रमुख हेमराज अधिकारीले गरेका थिए ।

गोल्डेन न्यूज राष्ट्रिय दैनिक अनलाइनमा पढ्न र सुनौलो एफ.एम. ५०२.२ मेगाहर्ज सुन्न
Log on :
www.goldennews.com.np

रिमझिमको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

रिमझिम दोहोरी साझ तथा रेष्टुरेन्ट बिरौटाले पथम वार्षिकोत्सवको अवसरमा विशेष सांगीतिक सांझ २०७२ शुक्रबारबाट सुरु गर्ने भएको छ। फागुन २७ गतेसम्म सञ्चालन गरिने कार्यक्रममा राष्ट्रिय तथा स्थानिय कलाकारको सहभागिता रहने कार्यक्रम संयोजक पुरुषोत्तम न्यौपानेले जानकारी दिए। ५ दिनको अवधिमा चर्चित राष्ट्रिय कलाकार कोमल बली, पुरुषोत्तम न्यौपाने , रमभक्त जोजीजु, रमेश बिजी, कुमार पुन, जुना श्रीस मगर, राधिका हमाल, निता पुन, शंकर बिरही गुरुङ लगायतको प्रस्तुती रहनेछ । 'वार्षिकोत्सवको अवसरमा हामी ग्राहकलाई विशेष कार्यक्रमको साथमा १० प्रतिशत छुट पनि दिन्छौं ' संयोजक न्यौपानेले भने । एक वर्ष अघि ८ जनाको लगानीमा दोहोरी सुरु भएको हो । सो अवसरमा मौलिक लोक सास्कृतिको क्षेत्रमा कमल चलाउने पत्रकार राजाराम पौडेल सहित दोहोरी क्षेत्रमा निरन्तर लागिरहेका लोकदोहोरी गायक श्रीराम अधिकारीलाई सम्मान गरिनेछ । साथै दोहोरीका उत्कृष्ट कर्मचारी गायक गगन गुरुङ र राम्रो सेवा प्रदान गर्ने कर्मचारी मनिषा श्रेष्ठलाई सम्मान गरिने भएको छ । उनीहरुलाई सम्मानपत्र सहित नगद ३ हजार ३ सय ३३ रुपैया प्रदान गरिने न्यौपानेले बताए ।

जसमा कार्यकारी अध्यक्ष पिताम्बर भण्डारी छन् । विरौटामा रहेको दोहोरीको निर्देशकमा पुरुषोत्तम न्यौपाने, श्रीराम बराल, ईश्वर श्रेष्ठ, प्रेमलाल पाण्डे, कुमार पुन, नविन आले र जानुका भट्टराई रहेका छन् । दोहोरी सञ्चालन गर्न ९४ लाख लगानी लागेको संयोजकले बताए । दोहोरीमा १६ कलाकार सहित ३५ जना कार्यरत छन् ।

सुरशाला आइडल जुनियर हुने

पोखरा २० फाल्गुन ।

सुरशाला म्युजिक एकेडेमी र सुरशाला फाउण्डेशनको संयुक्त आयोजनामा नेपालमै पहिलो राष्ट्रव्यापी बालगायन प्रतियोगिता को अडिशन पोखरामा २२ गते शनिवार हुने भएको छ । 'सुरशाला आइडल जुनियर', बालबालिकाको लागि संगीतको शिक्षा र उत्कृष्ट प्रतिभालाई उचित अवसर दिने उद्देश्यले आयोजना गरिएको सुरशाला फाउण्डेशनका पवन्द्र निर्देशक बुवा गायक अमृत क्षेत्रीले जानकारी दिए । पोखराको न्यूरोड्मा रहेको स्वाइटच रेष्टुरेन्टमा बिहान ११ बजे पौंछ अडिसन हुने बताइएको छ । फर्म शुल्क सात सय ५० रहेको बताउँदै ७ वर्षेखि १६ वर्ष भित्रका कोहि पनि बालबालिकाहरुले प्रतियोगितामा भाग लिन पाउने क्षेत्रीले बताए ।

अडिशन फर्मका लागि इच्छुक बालबालिकाहरुले सुरशालाको फेसबुक पेज र वेवसाइटमा घरबाटै डाउनलोड गरी सहभागी हुन सक्ने बताइएको छ । सुरशाला आइडल जुनियरका विजेतालाई प्रथम पुरस्कार ३ लाख ५० हजार रुपैया, द्वितीय पुरस्कार २ लाख ५० हजार रुपैया र तृतीय पुरस्कार १ लाख ६० हजार रुपैयाँ बराबरको प्रदान गरिने आयोजकले जनाएको छ । यसै गरि टप १० लाइ सुरसालामा १ १ वर्ष सम्मको छात्रवृत्ति प्रदान गरी जम्मा १३ लाख रुपैयाँ बराबरको पुरस्कार विजेतालै पाउने छन् जस भित्र नगद, गीत रेकर्डिङ्, म्युजिक भिडियो, ट्रफी, संगीतको छात्रवृत्ति र अन्य पुरस्कार समावेश हुने छ विजेताहरुले देश विदेशमा कार्यक्रम गर्ने अवसर समेत पाउने आयोजकले जनाएको छ ।

रेडक्रस शिशुवा शाखाको वार्षिकोत्सव

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

नेपाल रेडक्रस सोसाईटी शिशुवा उप-शाखाको १५औं वार्षिक साधारण सभा सम्पन्न भएको छ सभाको उद्घाटन गर्दै नेपाल रेडक्रस सोसाईटी कास्की शाखाका सभापति लामबेर इंगानले मानवीय सेवामा समर्पित रेडक्रसले आपत विपतमा पँरेकारुका लागि सेवा दिदै आएकाले रेडक्रसको अभियानलाई जनमानसमा लैजानुपर्नेमा जोड दिए। उप-शाखाका सचिव विश्व पौडेलले संचालन गरेको सो कार्यक्रममा स्वागत मन्तव्य उप-सभापति सनकराज लामिछानेले गरेका थिए।

पुनःताजकी तथा अभिमुखिकरण

पोखरा २० फाल्गुन ।

लेखनाथ नगरपालिका बडा नं ४ मा रहेको जल्थरे बचत तथा ऋण सहकारी संस्थाले सेयर सदस्यको क्षमता अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले एक दिने पुनःताजकी तथा अभिमुखिकरण तालिम संचालन गरेको छ। सहकारीका आधारभूत सिद्धान्त र सहकारी अभियानका बारेमा जानकारी गराउने उद्देश्यले राखिएको कार्यक्रममा संस्थाका पदाधिकारी, लेखा समिति, शिक्षा उप-समिति, महिला उप-समिति एवं सदस्यहरुको सहभागिता रहेको थियो संस्थाका अध्यक्ष श्रीकान्त हुमागाईको अध्यक्षतामा भएको कार्यक्रममा जिल्ला बचत संघका उपाध्यक्ष सुदिपराज ढकालले सहजिकरण गरेको सचिव विष्णु बरालले जानकारी दिएका छन्।

नारी दिवसमा ज्येष्ठ नागरिक सम्मानित

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

नारी दिवसको अवसर पारेर कास्कीको लेखनाथ नगरपालिका वडा न २,३ र ६का जेष्ठ महिलालाई लाई सम्मान गरिएको छ। स्थानीय आमा समूहको पहल र वडा सेवा केन्द्र २, ३ र ६को व्यवस्थापनमा प्रत्येक वडाको ४० जना जेष्ठ महिला गरि एक सय २० जना महिलाहरुलाई दोसल्ला र नगदले सम्मान गरिएको हो।

कार्यक्रममा बोल्दै लेखनाथ नगरपालिकाका कार्यकारी अधिकृत लोकबहादुर भण्डारीले सविधानले महिलाहरुलाई दिएको अधिकारको खोजी गर्दै महिलाहरुले विकास निर्माण र सामाजिक संघ-संस्थामा नेतृत्वतायी भूमिका निभाउनु पर्ने सुझाव राखेका थिए। तीन वटै वडाका महिला प्रतिनिधि पार्वती गुरुङ, सरस्वती बरार र सारदा लामिछानेको अध्यक्षतामा भएको कार्यक्रममा लेखनाथ नगरपालिका सामुदायिक शाखाका प्रमुख मिना भण्डारी, नगर स्तरीय राजनीतिक पार्टी प्रतिनिधि हरिबहादुर जिसी, मोती गिरि, गोविन्द बास्ले र सरिता पौडेल, सम्पूर्ण महिलाहरुको तर्फबाट जेष्ठी सुवेदी, सम्मानित हरुको तर्फबाट लक्ष्मी श्रेष्ठ, टोल विकास सम्बन्ध समितिका अध्यक्ष छविलाल लामिछाने र वडा सचिव लिलामणि भण्डारी लगायतले महिला अधिकारका बारेमा जोड दिएका थिए।

सस्तोमा जहाज टिकट

सस्तोमा राष्ट्रिय, अन्तर्राष्ट्रिय हवाईजहाज टिकट तथा दुरिष्ट बस टिकट चाहिएमा साथै विदेशमा सामान पठाउनु परेमा हामीलाई सम्झनुहोस् ।

World Int'l Travels & Tours Pvt. Ltd.
Newroad, Darbarthok Marga, Pokhara-9
Ph: 061-523753, 526409, 9856032747

खुशीको खबर !

के तपाईलाई लागीभागी भई छेभेभे गर्दै हुनुहुन्छ ? चिन्ता नगर्नुहोस्, अकलाको गउडो पार लगाउने देवी हुनुहुन्छ । साथै टाढ दुखेको, बाथ, शुकी, बाँभोपन हटाउने, प्याप्टिक, रक्सी छुटाउने औषधि समेत पाइन्छ । *महिवावारी भएको ७ दिन र जुठो परेको १ वर्षपछिमात्र आउने ।*

अकलादेवी चढेकी अधिकारी (मिरचाचोक प्रतिष्ठालय नजिक)
वडा नं. २ घर नं. २ । सम्पर्क : ९८४६२८५५५४

"रंगहरूको अन्तिम गन्तव्य"

आकर्षक एवं विश्वसनीय रंगरोगनका लागि सम्झने पर्ने पसल

योर्स ट्रेड कन्सर्न

एशियन पेन्टस्, रोयल ईस्पायराका साथै सिपेन्को समस्या साधान , बाटर प्रुफिङ्ग गरिन्छ ।

फोन : ०६१-४३०९१४, मो. ९८५६०३०९८७, ९८४६३३६३५१
अमरसिंहचोक, पोखरा, कास्की
डिलर: एशियन पेन्ट
नेपालमा सर्वाधिक रुचाईएको पेन्ट

वाया, पोतो र डण्डिफोर Bye Bye

- वाया, पोतो, डण्डिफोर र लेखियालाई एक हप्ताभा नै हटाइनुका साथै गोरोपना बढाउने
- सबभा भोटोपन घटाउने र बढाउने पनि ।
- कपाल झर्न रोक्ने, उमार्ने Hair building fiber.
- सेतो कपालालाई ५ मिनेटमा नै काली बनाउने
- महिनामा नै १-३ इन्च हाइट बढाउने Step-Up.
- चाउरिपना हटाउने
- पिनासका लागि सफल उपचार ।
- प्याप्टिक उपचार
- Breast घटाउने बढाउने..घटना भएको सेतो धर्सा हटाउने ।
- थाई नदिई जाड, रक्सीका साथै चुरोट, सुर्ती, केही दिनमा नै छुटाइने ।

Skin Test गरिन्छ ।

नेपालकै नं. १ Aloevera Juice हामीकहाँ पाइन्छ ।

बिहानी ब्युटी ट्रेन्डर्स
धिप्लेढुङ्गा, पोखरा-७, फोन: ९८४६५५४९८८, ०६१-५२४६५४
(माथल इम्पोरियमको ठ्याक्कै ठ्या ढलानेबाट भन्दा दुई घर तल)

सेक्युरिटी गाईमा विदेशिय रोजगारको सुवर्ण अवसर

Abudhabi मा Spark Middle East Star Skill Force, UAE मा DPS Group-4 लगायत, बगर, मध्यपुर, पोखरा, बुटवल, भैरहवा, नेपालगञ्ज, धनगढी, महेन्द्रनगर, विराटनगर, जनकपुर, वीरगञ्ज, हेटौंडा, काठमाडौं, ललितपुर, भक्तपुर, दमक, इटहरी, धरान, बिर्तामोड, भद्रपुर, दमक, तथा Diplomatic लगायत सबै जिल्लाहरुमा सेक्युरिटी गार्ड तालिम, सर्भिस तथा सप्लायर्स प्रा.लि.

तयारी कक्षा सञ्चालन

सम्पर्क
आमेर ग्रुप सेक्युरिटी सर्भिस एण्ड सप्लायर्स प्रा.लि
एवं
फिस ल्याडर इन्फ्लोइमेन्ट सर्भिस प्रा.लि

पोखरामा पहिलो पटक

- ओलम्बुटक : लिङ्को साइज, पावर बढाउन, लिङ्ग स्खलन रोक्न, विश्व विख्यात हर्बल रसिद्धिमेट्स एण्ड, मसाज तेल (महिला पुरुष दुबैको लागि)
- स्तन बढाउन, घटाउन, टाइट गर्न, सुठ्ठाइ कसिलो बनाउन, पेटको थिरा हटाउन।
- केश भर्ने रोकी उमार्ने तेल, Hair Building Fibers.
- Cuit Face बनाउन सप बुलुत (Inddian), Fair Look
- उचाई बढाउन Step Up, Triple Height
- तौल बढाउन (B.D.P) Body Builds बढाउन (More Slim)
- थाई नदिई जाड रक्सी छुटौट, खैनी, गाँजा तथा धुम्रपान छुटाउने ।
- होठ तथा जोनी दुवाई ठिक पार्ने, सस्तो सुधा पेलानिट।

अब Facebook मा www.facebook.com/Pokhara Herbal Home

पोखरा हर्बल होम्स
(भाटभटेनीको ठिक अगाडि) न्यूरोड, पोखरा
061-539070, 9856035331, 9804122919

बैंक ब्यालेन्स

बैंक ब्याल्स सर्टिफिकेट तथा बैंक ट्रान्सफर गर्नुपरेमा हामीलाई सम्झनुहोस् । सम्पर्क ९८२६५१-०६६०२

तु-अवश्यकता

एकाउन्टेन्ट क्वाउन्सिलर - २/ ५ जना
रिसेप्सनिष्ट रेडियोमा - ४ जना
नर्सरी टिचर(नमुना) - २ जना
मोबाइल पसार/बाईक सेल्स लोएलमेन-४
फोरसीडियट मेसटल लोएलमेन- ५ जना
सहायारी नर्सहरुट - ३ जना
स्याटी वा लाईसन नपथो लोडेज -१ जना
हामी एथाहसम्म पोखरामा आर्थि सम्पर्क साध्नो क्रम र सम्पादन उपलब्ध गराउछौं ।
राजश्री सप्लाएर्स्स्री, बुढीथोक पोखरा
०६१-४३२४२७, २२९७८, ९८४५१६६८०

प्रो. बद्री के.सी. : ९८४६०२५८४६
प्रो. गोपाल बहादुर कार्की : ९८४६०३१८७२
प्रो. राजेश के.सी. : ९८४६०३७३१७

इन्द्रेणी क्याटरिङ एण्ड पार्टी प्यालेस

चापापानीमार्ग, पोखरा-१२, फोन : ०६१-५२५६४६, ९२७३७४
शुभ-विवाह, जन्मोत्सव, अन्नप्राशन, व्रतबन्ध, पिकानक, सेमिनार तथा अन्य कुनैपनि कार्यक्रमका लागि टेण्ट, लाइट, डेकोरेशन एवं फुल तथा हाफ क्याटरिङका साथै कुक चाहिएमा हामीलाई सम्झनुहोस् ।
(हामीकहाँ २०० गाडी अटाउने पार्किङ पनि छ ।)

ग्लोबल कलिजियटको विद्यार्थी हातेमालो लेखनाथमा

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

ग्लोबल कलिजियट उच्च माबि पोखरामा अध्यनरत विद्यार्थीहरुले संचालन गरेको विद्यार्थी हातेमालो कार्यक्रम अन्तरगत विहीवार कास्कीको लेखनाथमा संचालन गरिएको छ। विद्यालय र विद्यार्थीहरुका बीच भाईचारा र मित्रता अभिवृद्धिमा सहयोग पुऱ्याउने उद्देश्यले संचालित योजना अन्तर्गत लेखनाथ नगर पालिका वडा न ६ को अर्धा अर्चलेमा रहेका लेखनाथ प्राबि, कविशिरोमणि प्राबि र तरुण प्राविका ७८जना विद्यार्थीहरुलाई शैक्षिक सामाग्री वितरण गरिएको हो। ग्लोबल कलिजियटमा अध्यनरत विद्यार्थीहरुले खाजाको पौसालाई बचत गरि जम्मा भएको रकमले शैक्षिक सामाग्री खरिद गरि सामुदायिक विद्यालयमा अध्यनरत विद्यार्थीको शैक्षिक विकासमा सहयोग पुऱ्याउने कार्यक्रम संचालन गर्दै आएका छन्। सहयोग सामाग्री वितरण गर्दै

कवि शिरोमणि जन्मस्थल विकास समितिका अध्यक्ष विश्वप्रकाश लामिछानेले बाल प्रतिभालाई प्रत्सान गर्दै विद्यार्थी विद्यार्थीहरुका बीच सहयोगका भावनाले अगाडि सारेको योजना प्रभावकारी भएको धारणा राख्दै लेखनाथको अर्धा अर्चलेलेखाई साहित्यिक पर्यटकीय क्षेत्रका रुपमा विकास गराएर योजना रहेको विचार राखेका थिए।

विद्यार्थी हातेमालो कार्यक्रमका संरक्षक नवराज लम्सालको अध्यक्षतामा भएको सो कार्यक्रममा ग्लोबल कलिजियट उच्च माविका सह-प्राचार्य पदमराज ढकाल, पत्रकार महासंघ कास्कीका कोषाध्यक्ष रामप्रसाद तिमिल्सिना, पत्रकार भीमप्रसाद वराल, शिरोमणि प्राविका प्रधानाध्यापक सूर्यबहादुर वागले, लेखनाथ प्राविका प्रधानाध्यापक टेकबहादुर भुजेल लगायतले विद्यार्थी हातेमालो कार्यक्रममार्फत शैक्षिक विकासमा सहयोग पुग्ने धारणा राखेका थिए। कार्यक्रमका सदस्य उत्सव समालेे स्वागत मन्तव्य राखेको सो कार्यक्रमको संचालन आकर्ष बराल र विवेचना शर्माले गरेकी थिइन्।

पोखरा म्याराथनको तयारी पूरा

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

शनिवार हुने १० औं पोखरा म्याराथनको तयारी पुरा भएको छ। आयोजक भूतपूर्व खेलाडी मञ्च नेपालले विहीवार पत्रकार सम्मेलन गरी प्रतियोगिता तयारी पुरा भएको जानकारी दियो। प्रतियोगितामा झण्डै १५ सय खेलाडीले सहभागिता जनाउने आयोजकको दावि छ। प्रतियोगिता अन्तर्गत ४२ किलोमिटर दौडमा दुई विदेशी सहित ५० जना धावकले नाम दर्ता गराएका छन्। त्यस्तै ब्हिल चियर दौड महिला पुरुष दुवै तर्फ ६८८ जनाले सहभागि जनाउने भएका छन्। विद्यालयतर्फ पाँच किलोमिटर छात्र दौडमा दुई सय र छात्रा तर्फ एक सय ७५ विद्यार्थीले नाम दर्ता गराएका छन्। सफल पोखरा अन्तर्राष्ट्रिय म्याथन नाम दिईएको १०औं संस्करणमा ४२

किलोमिटर दौड विजेतालाई ५० हजार, दोस्रोलाई ४०, तेस्रोलाई २५ र सान्तोना स्वरुप चौथो हुनेलाई ४ हजार रुपैया पुरस्कार प्रदान गरिने आयोजकले जनाएको छ।

त्यस्ती विद्यालयतर्फ छात्र र छात्रा पाँच किलोमिटर दौडमा पहिलो, दोस्रो र तेस्रो हुनेले क्रमश ७, ५ र ३ हजार नगद पुरस्कार प्राप्त गर्नेछन्। ब्हिल चियर दौड पुरुष र महिला तर्फ पहिलो दोस्रो र तेस्रो हुनेले ३, २ र एक हजार पुरस्कार हात पार्नेछन्। रन फर फनको रुपमा सबै क्षेत्रका व्यक्तिहरुले दौडमा सहभागिता जनाउन सक्ने आयोजक संस्थाका अध्यक्ष अध्यक्ष खड्ग बहादुर रानाभाटले जानकारी दिए। लगातार नवौं संस्करणमम्म सञ्चालन भएर आर्थिक समस्यासँग पाँच वर्षदेखि स्थगित पोखरा म्याराथलाई यो वर्षदेखि लक्ष्मी रुपम अन्तर्गतको सुजल डेरीको उत्पादन सफल दुधले मुख्य प्रायोजन गरेको छ। सम्भौता अनुसार सुजल डेरीले आगामी तीन वर्ष सम्म सञ्चलाई र तेस्रो हुनेले ३, २ र एक हजार प्रतियोगिता सञ्चालनको लागि पुरस्कार हात पार्नेछन्। रन फर प्रति वर्ष १० लाख रुपैयाँ उपलब्ध फनको रुपमा सबै क्षेत्रका व्यक्तिहरुले गराउनेछ।

घाँटीछिनामा खुल्ला भलिवलको तयारी

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

पुर्णतिशिल युवा क्लब, चापाकोट-७ घाँटीछिनाको आयोजनामा आउदो २३ गते देखि घाँटीछिनामा बड्रा स्तरिय भलिवल पतियोगिता तथा सांस्कृतिक कार्यक्रम हुने भएको छ। कार्यक्रम सफल पार्न क्लबका अध्यक्ष शिव अधिकारीको संयोजकत्वमा विभिन्न उपसमितिहरु गठन गरिएको छ। प्रतियोगितामा कस्कि पाँच टिमको सहभागिता रहने आयोजकको अपेक्षा रहेको छ। प्रतियोगितालाई अघिल्लो संस्करणमा १२ टीमले भाग लिएका थिए। आयोजक आफैले सो प्रतियोगितामा प्रथम स्थान हासिल गरेको थियो। स्थानीय रुपमा खेलाडीहरुको खोजी गर्दै उनीहरुको प्रतिभालाई माथिल्लो स्तरसम्म उकास्नका लागि यो प्रतियोगिता बर्षेनी आयोजना गर्दै आएको प्रतियोगिता संयोजक रोशे गुरुङले बताए। प्रतियोगिता सम्पन्न गर्न झण्डै ५ लाख खर्च लाग्ने क्लबले जनाएको छ। देशविदेशमा रहेका साथीभाई तथा स्थानीय सहयोगीको सहयोगमा प्रतियोगिता खर्च जुटाइने क्लब सचिव राजन पराजुलीले जानकारी दिए। प्रतियोगितामा प्रथम बचेको रकम गत वर्ष त्यस क्षेत्रमा आएको बाढिबाट प्रभावितहरुको सहयोगमा खर्चिने पनि उनले बताए। चार दिने प्रतियोगिता प्रथम हुने टिमले नगद १८ हजार, द्वितीयले नगद १२ हजार तथा तृतीयले नगद ७ हजार सहित मेडल प्रमाणपत्र पुरस्कार प्राप्त गर्ने जनाइएको छ। त्यसैगरि उत्कृष्ट खेलाडी, उत्कृष्ट स्पाइकर र लिष्टरलाई पनि ट्रफि प्रदान गरिने बताइएको छ।

काहुँडाँडामा विश्वकै अग्लो बुद्धमूर्ति बन्ने

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

पोखरा उपमहानगरपालिका वडा नं. २१ काहुँडाँडामा निर्माण हुने धर्मकाया बुद्ध मण्डला निर्माण सहयोगार्थ प्रारम्भिक अध्ययनका लागि आएका विदेशी विशिष्ट प्राविधिक टोलीको बुधवार विहान धर्मकाया मण्डला विकास तथा व्यवस्थापन समितिले विदाइ गरेको छ। विदेशी विशिष्ट प्राविधिक टोलीमा चीनकी प्रसिद्ध मूर्तिकार मी र सिंगापरका प्रसिद्ध डिजाइनर क्यारिडको नेतृत्वमा आएको ७ सदस्यीय इन्जिनियर र मूर्तिकार नेपाल आएका थिए।

सास्कृतिक, धार्मिक, पर्यटकीय केन्द्र स्थापित गर्न काहुँडाँडामा जनसहभागितामा डेढ अरबको लागतमा संसारकै सबैभन्दा अग्लो २६५ फिटको बुद्धमूर्तिसहित बुद्ध मण्डला निर्माणको योजना अभियानका साथ थालनी भएको छ। हाल सम्मको संसारमा सबै भन्दा अग्लो २४० फिटको बुद्धमूर्ति भुटानमा चिनियाँ प्रसिद्ध मूर्तिकार मीले नै बनाएका हुन्।

मूर्तिकार मीले चीनमा रहेका करिब ९० प्रतिशत बुद्धमूर्ति र दक्षिण एशियाका अधिकांश मूर्तिहरु निर्माण गरेको भिक्षु साङ्घपा रिङ्पोछेले जानकारी दिए। सोमबार पोखरा आइपुगेको विशिष्ट टोलीले पोखरामा डकुमेन्ट्री प्रदर्शन गरेको थियो भने दुई दिनसम्म धर्मकाया बुद्ध मण्डला निर्माण स्थल काहुँडाँडामा सर्वेक्षण गरेको थियो। धर्मकाया मण्डला विकास तथा व्यवस्थापन समितिका अध्यक्ष रुकमारी गुरुङ धैंजाले खाजा, धर्मादेव दायक सभाका कृष्णमान गुभाजु, सद्धर्म सभाका भरतराज शाक्यले माला लगाएर समितिको तर्फबाट विदाई गरिएको थियो।

विदेशी विशिष्ट प्राविधिक टोली भिक्षु साङ्घपा रिम्पोछेसहित बुद्धको जन्मस्थल लुम्बिनी अवलोकन धर्मणमा प्रस्थान गरेको छ। लुम्बिनी भ्रमणपश्चात काठमाडौंमा रहेका बुद्ध मूर्तिहरुको अवलोकन गर्ने कार्यक्रम रहेको धर्मकाया बुद्ध मण्डला विकास तथा व्यवस्थापन समितिका सचिव राजबहादुर गुरुङले जानकारी दिए।

धर्मकाया बुद्ध मण्डला निर्माणका लागि नेपाल सरकारको नीति तथा कार्यक्रमबाट समेत स्वीकृत भई जनसहभागितामा निर्माण गरिने जिल्ला विकास समिति कास्कीबाट कास्की गौरव र पोखरा उप-महानगरपालिकाबाट पनि विशेष सहयोगको पहल भइरहेको छ।

'एकलाख सदस्य भएपछिमात्र पार्टी'

पोखरा २० फाल्गुन ।(गोल्डेन)

नयाँ शक्ति अभियानका संयोजक डा.बाबुराम भट्टराईले एमाओवादी अध्यक्ष पुष्पकमल दाहाल प्रचण्डलाई आगामी चुनावमा आफूविरुद्ध उठेर चुनाव जित्न चुनौति दिएका छन्। नयाँ शक्ति प्रचार अभियान कास्कीले पोखरामा बिहीवार गरेको पत्रकार सम्मेलनमा डा.भट्टराईले प्रचण्डलाई घुमाउरो पारामा यस्तो चुनौति दिएका हुन्। केही दिनअघि एमाओवादी अध्यक्ष पुष्पकमल भट्टराईलाई गोखाबाट अब चुनाव जितेर देखाउन चुनौति दिएको विषयमा पत्रकारले राख्दा उनले जिज्ञासामा डा.भट्टराईले गोखाली जनताले प्रचण्डलाई आफूविरुद्ध चुनाव लडेर जित्न चुनौति दिइसकेको भन्दै त्यसमा आफ्नो समर्थन रहेकाले थप टिप्पणी आवश्यक नरहेको बताए। उनले भने,-'गोखाली जनताले मसँग चुनाव लडेर जितेर देखाउन प्रचण्डलाई चुनौति दिइसकेका छन्, त्यसैले यसबारेमा मैले थप भनिरहनु आवश्यक छ जस्तो मलाई लाग्दैन।'

भट्टराईले गोखामा नयाँ शक्ति सबैभन्दा ठूलो शक्तिका रुपमा स्थापित भइसकेको दावीसमेत गरे। नयाँ शक्तिमा आकर्षण बढ्दै गएको भन्दै गोखामा सबैभन्दा ठूलो पार्टीमा नयाँ शक्ति दर्ज भइसकेको र चाडै देशकै ठूलो शक्ति बन्ने उनको दावी थियो। भट्टराईले नयाँ शक्ति वैकल्पिक राजनीतिक शक्तिका रुपमा स्थापित हुने विश्वास व्यक्त गरे। उनले मुलुक विकास र आर्थिक समृद्धिको चरणमा प्रवेश गरेकाले त्यसका लागि नयाँ शक्ति निर्माण गरिएको स्पष्ट पारे।

विश्व वन्यजन्तु दिवस मनाइयो

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

पोखराको पृथ्वी नारायण क्याम्पसमा ४३औं विश्व वन्यजन्तु दिवस विविध कार्यक्रमको आयोजना गरी मनाइएको छ। क्याम्पसको प्राणीशास्त्र विभाग तथा प्राणीशास्त्र समाज, पोखराको आयोजनामा विहीवार आयोजित एक अन्तर्क्रिया कार्यक्रममा सहभागीहरुले वन्यजन्तु तथा वनस्पतिहरुको संरक्षणमा जोड दिएका छन्।

कार्यक्रममा बोल्दै पृथ्वी नारायण क्याम्पस प्राणीशास्त्र विभागका प्रमुख तथा समाजका अध्यक्ष रामगोपाल ढेवाजुले वन्य जन्तु संरक्षणका लागि समाजका सबै पक्षहरुले पहल गर्नुपर्ने बताए। कार्यक्रममा उप प्राध्यापक शेरमान गुरुङ, प्रेमराज गौतम, विनोद कुँवर, हेमन्त ढकाल तथा विद्यार्थी स्वर्णिम अधिकारी लगायतले बोलेका थिए। पृथ्वी नारायण क्याम्पसमा प्राणीशास्त्र विषय अध्ययन तथा अध्यापन गराइरहेका करिब पाँच दर्जन शिक्षक तथा विद्यार्थीहरुको सहभागिता थियो। सन् १९७३ मार्च ३ मा विश्व संरक्षण संघको अग्रसरतामा हरेक वर्ष यो दिवस मनाउन थालिएको हो। नेपालमा पनि विविध कार्यक्रमा साथ यो दिवस मनाउने गरिन्छ।

राष्ट्रिय...

मध्य मिनि डोम १८, रेष्टुरेण्ट १५, अटो ४५, मेड इन नेपाल पेभेलियनमा ३५, कृषि १४, हस्तकलामा १०, फोटोफिल्चरमा ६ र ८५ वटा साधारण थल रहने छन्। मेलाको ३ लाख दर्शकहरुले अवलोकन गर्ने र एक करोड ११ लाख रुपैया आम्दानी गर्ने आयोजकको लक्ष्य छ। मेला सम्पन्न गर्न ८३ लाख ७० हजार खर्च लाग्ने र २७ लाख ५० हजार रुपैया बचत हुने अनुमान गरिएको छ। क्यान कास्कीसँगको सहकार्यमा सुचना प्रविधि मेला पनि सँगै गर्न लागिएकाले यसपटक अनलाइन टिकट बुकिङ गर्नेलाई ५० प्रतिशत छुटको व्यवस्था समेत गरिएको छ। टिकट काटेर मेला प्रवेश गर्ने र सांगीतिक कार्यक्रममा उत्कृष्ट नृत्य गर्ने एक जनालाई गृहलक्ष्मी प्यास समेत प्रदान गरिने भएको छ। मेला अन्तर्गत २२, २५, २८ र ३० गते उत्कृष्ट नाच्ने एक जनालाई भरिएको सिलिण्डर प्यास उपहार प्रदान गरिनेछ।

मेलाबाट बचत भएको रकम क्षेत्रीय स्तरको प्रदर्शनीस्थल पोखरा प्रदर्शनी केन्द्रको पूर्वाधार निर्माणमा विशेष प्राथमिकता प्रदान गरी खर्च गरिने संघले जनाएको छ। टिकट बिक्रीबाट प्राप्त रकमबाट विगतका वर्षहरुमा थालिएको सामाजिक कार्यलाई निरन्तरता दिँदै पोखराको विकासका लागि चार रुपैया र संघद्वारा संचालित बालश्रम न्यूनिकरण कार्यक्रमलाई एक रुपैया छुट्याइएको महासचिव रविन्द्रबहादुर प्रजुले जानकारी दिए। मेलालाई अर्थात्कांची सिमेण्टले मुख्य प्रायोजन गरेको छ। महोत्सवका क्रममा पोखरा आउने पाहुनालाई होटलमा २० प्रतिशत छुटको समेत व्यवस्था गरिएको आयोजकले जनाएको छ।

स्टेप वाई स्टेप उमाविमा खेलकूद

गोल्डेन न्यूज संवाददाता
पोखरा २० फाल्गुन ।

स्टेप वाई स्टेप उच्च मा.वि. मासवार पोखराले विद्यालयमा पढाइ, खेलकूद एवं अतिरिक्त क्रियाकलापमा उत्कृष्ट विद्यार्थीहरू लाई पुरस्कार वितरण गर्ने कार्यक्रम सम्पन्न गऱ्यो। पुरस्कार वितरण कार्यक्रममा पुरस्कार प्राप्त गर्ने विद्यार्थीका अभिभावकको हातबाटै विद्यार्थीलाई पुरस्कार प्रदान गरिएको थियो भने कार्यक्रममा विभिन्न गीत, रेम्स, नृत्य प्रस्तुत गरिएको थियो।

कार्यक्रममा बोल्दै संस्थापक प्राचार्य निर्मला बरालले विद्यालयले सधै अभिभावकको सल्लाह, सहयोग यसरी नै प्राप्त गरिरहने विश्वास प्रकट गर्दै विद्यार्थीको उज्ज्वल भविष्य निर्माण गर्न र योग्य एवं सक्षम नागरिक उत्पादन गर्न विद्यालय निरन्तर प्रयत्नशील रहेको कुरा बताए।

अभिभावकहरू कृष्णप्रसाद रेग्मी र उमा सापकोटले विद्यालयले आफ्ना बालबालिकाको चौतर्फी उन्नति गर्न र देशको शैक्षिक विकासमा दिएको योगदानको प्रशंसा गरे। विद्यालयका संस्थापक निर्देशक तथा विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमाकान्त बरालको अध्यक्षतामा सम्पन्न कार्यक्रमको सञ्चालन सूर्यप्रसाद लम्साल र मम बहादुर थापाले गरेका थिए भने स्वागत मन्तव्य निलम पौडेलले गरेकी थिइन्।

कर्मचारी आवश्यकता

पोखराको पृथ्वीचोकस्थित एक प्रतिष्ठित ट्राभल्स कम्पनीका लागि एक महिला कर्मचारी आवश्यक परेको हुँदा पढाइ छोडी बसेका ईच्छुक व्यक्तिले तुरुन्त सम्पर्क गर्नुहोला। आफूले साधन भएकोलाई विशेष प्राथमिकता दिइने छ ।

सम्पर्क : ९८५६०२००२५

सुनौलो पब्लिकेशन प्रा.लि.द्वारा प्रकाशित गोल्डेन न्यूज राष्ट्रिय दैनिकका लागि अध्यक्ष प्रधान सम्पादक अंगाधर पराजुली, निर्देशक हरिणि बराल, संस्थापक सम्पादक रीता गुरुङ
कार्यालय : चिप्लेढुंगा (सुनौलो भवन), पोखरा, फोन:०६१-५३९,५४५, फ्याक्स : ५६२२२२, Email : goldennewspkr@gmail.com, Website: www.goldennews.com.np, मुद्रण गोल्डेन अफसेट प्रेस, चिप्लेढुंगा, पोखरा